# स्थानीय राजपत्र

स्थानीय सरकार विदुर नगरपालिका, विदुर, नुवाकोट, बागमती प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष ७, संख्या ७ २०८० माघ १० गते

## भाग ३

स्थानीय सरकार

## विदुर नगरपालिका

विदुर, नुवाकोट

बागमती प्रदेश, नेपाल

*नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०८०।१०।०७*

# दुध उत्पादनमा आधारित अनुदान वितरण (पहिलो संशोधन) कार्यविधी, २०८०

# दुध उत्पादनमा आधारित अनुदान वितरण (पहिलो संशोधन) कार्यविधी, २०८०

| | स्वीकृत मिति |
|---|---|
| दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधी, २०७६ | २०७६।११।२२ |

**संशोधन**

| | |
|---|---|
| दुध उत्पादनमा आधारित अनुदान वितरण (पहिलो संशोधन) कार्यविधी, २०८० | २०८०।१०।०७ |

**प्रस्तावनाः**

विदुर नगर कार्यापालिकाको आ.व.२०७६।०७७ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा दुध उत्पादनमा आधारित अनुदान वितरण गर्न बजेटको व्यवस्था भएकोले दुधको उत्पादन खस्कन नदिन, किसानलाई दुग्ध व्यवसायी बनाउन र विदुर नगरपालिकालाई दुधमा आत्मनिर्भर बनाउनलाई दुध उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई विदुर नगरपालिकाको १३ वटै वडामा दुध उत्पादन वृद्धि गर्न आवश्यक रहेकोले नगर कार्यापालिका बैठकबाट यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**(१) संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम ***"दुध उत्पादनमा आधारित अनुदान वितरण (पहिलो संशोधन) कार्यविधी, २०८०"** रहेको छ ।

(२) यो कार्यविधी नगरकार्यापालिका बैठकबाट स्वीकृत भएको मिती देखी प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंङगले अर्को अर्थ नलागेमा यस कार्याविधीमा :

*(क) **नगरपालिका** भन्नाले विदुर नगरपालिकाको कार्यालयलाई सम्झनु पर्नेछ ।

*(ख) **दुग्ध उत्पादक संस्था** भन्नाले नगरपालिकामा सूचिकृत भएका दुग्ध संकलन, प्रशोधन र वितरण गर्ने सहकारी, डेरी पसल सम्झनु पर्दछ ।

*(ग) **शाखा** भन्नाले विदुर नगरपालिका पशु सेवा शाखा सम्झनु पर्दछ ।

(घ) **बिषय विज्ञ** भन्नाले दुध दिने पशु सम्बन्धी ज्ञान भएको आवश्यक पर्दा मुल्याङ्कन समिति र कार्यक्रम स्वीकृत तथा अनुगमन समितीसंग सम्बन्धित काम लिन सक्ने सरकारी, गैर सरकारी सरोकारवाला प्राविधीक कर्मचारी वा बैज्ञानिक सम्झनु पर्दछ ।

(ङ) **मुल्याङकन समिती** भन्नाले यस कार्यविधिको दफा ४ अनुसार गठित समिति सम्झनु पर्दछ ।

**३.उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) अनुदान वितरण नीतीलाई प्रकृयामुखीबाट परिमाणमुखी तर्फ लैजाने

(ख) अनुदानलाई सहि दक्ष र प्रभावकारी रुपमा वितरण,उपयोग र सदुपयोग गर्ने

(ग) साना कृषकहरुलाई व्यवसायीक कृषक तर्फ उन्मुख बनाउने

*पहिलो संशोधनद्वारा संशोधन ।

## संस्थागत व्यवस्था

***४. मुल्याङकन समितिः**

(१) प्रस्ताव मुल्याङकन गरी सिफारिस गर्न सार्वजनिक नियमावली २०६४ मा व्यवस्था भए बमोजिम मुल्याङकन समिति रहने छ ।

| | |
|---|---|
| १) नगर प्रमुख | -संयोजक |
| २) नगर उपप्रमुख | -उप संयोजक |
| ३) प्रमुख प्रशासकीय अधकिृत | -सदस्य |
| ४) आर्थिक विकास समिति संयोजक | -सदस्य |
| ५) पशु सेवा शाखा प्रमुख | -सदस्य सचिव |

२. मुल्याङकन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) मुल्याङकन समितिले मुल्याङ्कन तथा अन्य मापदण्ड तयार गरी स्वीकृतका लागी नगरपालिकामा पेश गर्ने ।

(ख) मुल्याङकन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मुल्याङ्कन गरी स्वीकृतका लागी नगरपालिकामा पेश गर्ने ।

५.अनुगमन तथा मुल्याङ्कनः यस कार्यक्रमको अनुगमन तथा मुल्याकंन दफा (४) बमोजिम गठित समितिले कार्यालयको आवश्यकता अनुसार गर्न सक्नेछ ।

## परिच्छेद ३
## कार्यक्रम संचालन प्रक्रिया

*****६. नगरपालिकाले उक्त अनुदान कार्यक्रममा दुग्ध उत्पादक संस्थाहरूका लागि अनुसूची १ बमोजिम प्रस्ताव आव्हानको लागि प्रस्ताव पेश गर्न १५ दिने र आवश्यक परेमा दोस्रो पटक ७ दिने सूचना प्रकाशन गर्नेछ ।

*****७. दफा (६) बमोजिमको समय अवधी भित्र दुग्ध उत्पादक संस्थाहरुले आवेदन पत्र सम्वन्धित पशु सेवा शाखामा दर्ता गर्नु पर्नेछ ।

*****८. छनौट भएका दुग्ध उत्पादक संस्थाहरुलाई अनुसूची २ सम्झौता गर्नको लागि ७ दिनको समय अवधि छुट्याई सम्झौता गराउनुपर्नेछ ।

## परिच्छेद ४
## आर्थिक पक्ष

९. यस कार्यक्रम नगरपालिकाको १३ वटै वडाबाट छनौट भएका दुग्ध उत्पादक संस्थाहरूमा दुध विक्री गर्ने पशुपालन कृषकलाई प्रोत्साहन स्वरुप अनुदान वितरण गरिनेछ ।

*****१०. अनुदान रकम सम्वन्धित कृषकको बैंक खातामा मार्फत पठाइनेछ ।

---
*पहिलो संशोधनद्वारा संशोधन ।

*११. अनुदान रकम दैनिक १० लिटर वा सो भन्दा बढी दुध बिक्री गर्ने कृषकलाई प्रति लिटर रु ३ का दरले उपलब्ध गराइनेछ ।

१२. तत् पश्चात कार्यक्रमको प्रभाकारीताको आधारमा निरन्तरता दिइनेछ ।

१३. यस कार्यक्रमको लेखा, लेखाङ्कन, लेखा परिक्षण तथा आर्थिक कारोबार सम्वन्धि अन्य व्यवस्था प्रचलित ऐन अनुसार हुनेछ ।

## परिच्छेद ५
## मापदण्डहरु

***१५.मापदण्डका आधारहरुः**

(१) दुग्ध उत्पादक संस्थाले यस कार्यविधी अनुसार कार्यक्रम संचालन गर्न देहाय बमोजिमको मापदण्ड पूरा गरेको हुनुपर्नेछ ।

(क) दुग्ध उत्पादक संस्थाले दैनिक कम्तिमा २५० लिटर दुध संकलन गरेको हुनुपर्नेछ ।

(ख) दुग्ध उत्पादक संस्थाले दैनिक संकलित दुध अन्य उद्योगलाई बिक्री वितरण गरी दुध र दुग्धजन्य पदार्थहरुको बेच बिखनको प्रबन्ध गरेको हुनुपर्नेछ ।

(ग) दुग्ध उत्पादक सहकारी संस्थाको हकमा बार्षिक साधारण सभा र लेखा परिक्षण गरेको हुनुपर्नेछ ।

(घ) स्थायी लेखा नम्बर प्राप्त गरेको हुनुपर्नेछ ।

(ङ) कर चुक्ता गरेको हुनुपर्नेछ ।

(च) दुध बिक्री गर्ने कृषकहरुको फर्ममा जैविक सुरक्षा बिधी अबलम्वन गरेको हुनुपर्नेछ ।

(छ) सहकारी वा डेरीले कारोबार गरेको दुधको गुणस्तर न्युनतम मापदण्ड भित्र गरेको हुनुपर्नेछ ।

(ज) संस्थागत रुपमा दुध खरिद बिक्री गरेको प्रमाण पेश गर्नुपर्नेछ ।

(झ) हाल सम्म कुनै पनि कारबाहीमा नपरेको हुनुपर्नेछ ।

(ञ) अहिले सम्म कुनै पनि निकायबाट अनुदान नलिएकालाई बढी प्राथमिकता दिइनेछ ।

(ट) महिलाद्धारा संचालित दुग्ध व्यवसायलाई बढी प्राथमिकता दिइनेछ ।

***<u>१६. बाधा अड्काउ, फुकाउ तथा संशोधन :</u>** (१) यस कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगर कार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधि कार्यान्वयनको सन्दर्भमा कुनै बाधा अड्काउ परेमा वा दुविधा उत्पन्न भएमा नगर कार्यपालिकाले विद्यमान ऐन, कानूनको परिधिभित्र रही आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा थपघट वा संशोधन गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही नगर कार्यपालिकाको हुनेछ ।

*पहिलो संशोधनद्वारा संशोधन ।

^अनुसूची १

(दफा ६ सँग सम्बन्धित)

## दुधमा अनुदान कार्यक्रम संचालन सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/../..

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व. .......... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार **"कृषकद्वारा उत्पादित दुध दैनिक १० लिटर वा सो भन्दा बढी दुग्ध संकलन केन्द्र, दुग्ध सहकारी र डेरीमा बिक्रि गरे बापत प्रति लिटर रु ३ प्रोत्साहन स्वरुप दुधमा अनुदान दिने कार्यक्रम"** अन्तर्गत इच्छुक दुग्ध उत्पादन संस्थाहरू नगरपालिकामा सूचिकृत भइ सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तपसिल अनुसारका कागजात सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै सूचिकृत नभएका दुग्ध उत्पादक संस्थाहरूबाट प्राप्त कृषकहरूको तथ्यांक मान्नेता नहुने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

१. निवेदन
२. संचालकको नागरिताको प्रतिलिपि
३. घरेलु दर्ताको प्रमाणपत्रको प्रतिलिपि
४. प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि
५. गत आ.व. को कर चुक्ताको प्रतिलिपि

प्रमाणिकरण मितिः २०८०।१०।१०

आज्ञाले
विनोद कुमार खनाल
प्रमुख प्रशासकीय अधिकृत

^पहिलो संशोधनद्वारा थप ।